आयोगको मिति २०८०।०५।०९ गतेको बैठकबाट स्वीकृत
निर्णय नं १५५७

# विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड सम्बन्धी निर्देशिका २०८०

**प्रस्तावनाः** संघीय कानून बमोजिम स्थापित विश्वविद्यालयमा संचालन गरिने विद्यावारिधि कार्यक्रममा एकरुपता ल्याई उच्च शिक्षामा गुणस्तर कायम गरी शैक्षिक स्तर वृद्धि गर्न, नेपालका सबै मान्यताप्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरहका उच्च शिक्षण संस्थाबाट प्रदान हुने विद्यावारिधि उपाधिमा एकरुपता कायम गर्न, विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक शिक्षण संस्थाबाट प्रदान हुने विद्यावारिधि उपाधिका लागि न्यूनतम मान्यता तथा आवश्यकता तय गरी विद्यावारिधि उपाधि प्रदान गर्ने कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६० को नियम ११.९ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम, प्रयोग र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "विद्यावारिधि उपाधिका लागि न्यूनतम मापदण्ड सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२ **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनिवार्य पाठ्यकार्य (मेण्डेटरी कोर्षवर्क)" भन्नाले विद्यार्थीले अनुसन्धान कार्यक्रम शुरु गर्नु पूर्व पूरा गर्नुपर्ने सैद्धान्तिक (थ्यौरी) तथा अनुसन्धान विधि (रिसर्च मेथेलोजी) लगायत बिषयका पाठ्यक्रमलाई बुझ्नु पर्दछ।

(ख) "अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षण (इन्टर नेशनल स्टाण्डराइज्ड टेष्ट)" भन्नाले स्नातकोत्तर तहमा प्रवेशको लागि अन्तर्राष्ट्रिय रूपमा प्रचलित ग्राजुएट रेकर्ड परीक्षा (ग्राजुएट रिकर्ड एक्जामिनेशन–जि. आर. ई.), ग्राजुएट मेनेजमेन्ट भर्ना परीक्षण (ग्राजुएट मेनेजमेण्ट एडमिशन टेष्ट- जि. एम. ए. टी.) जस्ता परीक्षण एवम् समकक्षी परीक्षण बुझ्नु पर्दछ ।

(ग) "अनुसन्धानात्मक लेख (रिसर्च पेपर)" भन्नाले अनुसन्धानमा आधारित र विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित (पियर रिभ्युड) प्राज्ञिक जर्नल वा सूचीकृत जर्नल (इन्डेक्स जर्नल) मा प्रकाशित शोधलेख बुझ्नु पर्दछ ।

(घ) “अनुसन्धान समिति (रिसर्च कमिटी)” भन्नाले विद्यावारिधि कार्यक्रम संचालन तथा मूल्याङ्कन गर्न विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाको आधिकारीक डीन कार्यालय वा विश्वविद्यालयले तोकेको निकायलाई बुझ्नु पर्दछ ।

(ङ) “आयोग” भन्नाले विश्वविद्यालय अनुदान आयोग भन्ने बुझ्नुपर्दछ ।

(च) “क्रेडिट आवर (क्रेडिट आवर)” भन्नाले सामान्यतया एक सेमेस्टर वा ट्राइमेस्टरमा प्रतिहप्ता एक घण्टा शिक्षण र सम्बन्धित विश्वविद्यालय वा उच्च शिक्षण संस्थाले तोकेको प्रायोगिकी कार्यक्रम समेत भएको पाठ्यभार सम्झनु पर्दछ र यसले उच्च शिक्षा योग्यता प्रारुप (हाइयर एजुकेशन क्वालिफिकेशन फ्रेमवर्क) मा उल्लेख भए बमोजिमको क्रेडिट घन्टालाई समेत जनाउँदछ ।

(छ) “ग्रेड पोईन्ट औषत (ग्रेड प्वाइन्ट एभरेज)” भन्नाले उच्च शैक्षिक संस्थाबाट प्राप्त उपाधिको लब्धांकपत्रमा उल्लेखित ग्रेड (स्तर) बुझ्नु पर्दछ ।

(ज) “छनोट समिति (सेलेक्शन कमिटी)” भन्नाले विद्यावारिधिको प्रवेश परीक्षा उत्तिर्ण भएका उम्मेदवारलाई अन्तर्वार्ता लिई छनोट गर्ने र सुपरिवेक्षक छनोट गराउने जिम्मेवारी लिएको समिति बुझ्नु पर्दछ ।

(झ) “सेमेस्टर (सेमेस्टर) भन्नाले सामान्यतया एक हप्ताको एक क्रेडिट घण्टाको दरले कम्तिमा १५ हप्ताको शिक्षण र प्रायोगिकी सहितको पाठ्यक्रम बुझ्नु पर्दछ ।

(ञ) “पाठ्यकार्य (कोर्ष वर्क) भन्नाले विद्यावारिधि कार्यक्रमका उम्मेदवारले अनुसन्धान शुरू गर्नु अघि वा सँगसँगै पूरा गर्नुपर्ने अध्ययनको पाठ्यक्रम बुझ्नु पर्दछ । यस शब्दले एम् फिल सहितको नियमित हुने विद्यावारिधि कार्यक्रमलाई समेत जनाउँछ ।

(ट) “प्रमुख सुपरिवेक्षक (प्रिन्सिपल सुपरभाइजर)” भन्नाले विद्यावारिधि उपाधिको लागि अनुसन्धानमा विद्यार्थीलाई सुपरिवेक्षण गर्न तोकिएको शोध सुपरिवेक्षक सम्झनु पर्छ ।

(ठ) “सहसुपरिवेक्षक (को सुपरभाइजर)” भन्नाले प्रमुख सुपरिवेक्षकसंग सहकार्य गर्न तोकिएको सहसुपरिवेक्षक सम्झनु पर्छ ।

(ड) “सूचीकृत जर्नल (इन्डेक्स जर्नल)” भन्नाले वेव अफ साईन्स, (वेभ अफ साइन्स), स्कुपस (स्कुपस) लगायत अन्य प्रतिष्ठित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नल सम्झनु पर्छ ।

(ढ) “शोधनिर्देशन समिति (डिजर्टेशन एडभाइजरी कमिटी)” भन्नाले शोध सुपरिवेक्षकको संयोजकत्व र छनोटमा विद्यार्थीलाई अनुसन्धानमा सल्लाह दिन र आवधिक प्रगति मुल्याङ्कन गर्न गठित सम्बन्धित विषयका विज्ञहरूको समूह भन्ने बुझ्नुपर्दछ ।

(ण) "संचित ग्रेड पोईन्ट औषत (क्युमुलेटिभ ग्रेड प्वाइन्ट एभरेज-सिजिपिए) भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित कूल ग्रेड बुझ्नु पर्दछ ।

## परिच्छेद-२

## विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न चाहिने योग्यता तथा शर्तहरु

२. **निर्देशिका बमोजिम विद्यावारिधि कार्यक्रम सञ्चालन गर्नु पर्नेः** (१) विद्यावारिधि कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले यस निर्देशिकाले निर्धारण गरे बमोजिमको विधि र प्रक्रिया पूरा गरी यस्तो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) यो निर्देशिका बमोजिमको विधि र प्रक्रिया पूरा नगरी कुनै विश्वविद्यालय वा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले विद्यावारिधि उपाधि प्रदान गरेको रहेछ भने त्यस्तो उपाधिलाई आयोगले मान्यता दिने छैन ।

३. **विद्यावारिधि कार्यक्रम सञ्चालनः** (१) विद्यावारिधि कार्यक्रम खुला सिकाइ तथा दूर शिक्षा विधि (ओपन एण्ड डिस्टेन्स एडुकशन मोड) बाट सञ्चालन गर्न पाइने छैन ।

(२) स्नातकोत्तर वा एम. फिल. वा सो सरहको कार्यक्रम कम्तिमा पाँच वर्ष सञ्चालन गरेको शैक्षिक संस्थाले मात्र कार्यक्रम निरन्तर राखी सोही विषयमा विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

तर, कुनै क्याम्पस विश्वविद्यालयमा समायोजन भएको अवस्थामा पूर्ववत् क्याम्पसले सञ्चालन गरेको स्नातकोत्तर वा एम. फिल. वा सो सरहको कार्यक्रमलाई मान्यता दिई अवधि गणना गर्न सकिनेछ।

(३) यो निर्देशिका लागू हुनु भन्दा अघि विद्यावारिधिको कार्यक्रममा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीले निज भर्ना हुदाको समयमा कायम प्रवन्ध बमोजिम विद्यावारिधि पूरा गर्न सक्नेछन् ।

(४) विश्वविद्यालय वा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाद्वारा सञ्चालित विद्यावारिधि कार्यक्रम सामान्यतया पूर्णकालीन हुनेछ ।

(५) शोधार्थीले विद्यावारिधि कार्यक्रमका लागि सम्बन्धित शैक्षिक संस्थाको आवश्यकता र व्यवस्था बमोजिम निश्चित अवधिको आवासीय आवश्यकता (रसिडेन्सियल रिक्वायरमेन्ट) पूरा गर्नु पर्नेछ ।

तर, विशेष अवस्थामा आंशिक रुपमा पनि विद्यावारिधि कार्यक्रम संचालन गर्न सकिनेछ ।

(६) विद्यावारिधि कार्यक्रम न्यूनतम तीन वर्ष वा सो सरह क्रेडिट घण्टाको हुनुपर्नेछ ।

तर एम्. फिल. गरेकाको हकमा दुई वर्षको विद्यावारिधि कार्यक्रम हुनेछ ।

(७) उपदफा (६) बमोजिमको अवधिमा विद्यावारिधि पुरा हुन नसकेमा शोधनिर्देशकको सिफारिसमा अनुसन्धान समितिले दुई वर्ष सम्म समय थप गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम थप गरिएको अवधिमा पनि विद्यावारिधि पुरा हुन नसकेको विशेष अवस्थामा अनुसन्धान समिति र संस्था प्रमुखको सिफारिसमा पुनः एक वर्षसम्मको समय सम्बन्धित डीन कार्यालयले थप गर्न सक्नेछ। समय थप गर्दा विशेष अवस्थाको विषय शोधार्थी र सिफारिसकर्ताले स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम थप गरिएको अवधिमा पनि विद्यावारिधि पुरा गर्न नसक्ने शोधार्थीको दर्ता स्वतस् खारेज हुनेछ ।

(१०) आंशिक विद्यावारिधि कार्यक्रम न्यूनतम पाँच वर्ष अवधिको हुनु पर्नेछ । सो अवधिमा विद्यावारिधि पुरा हुन नसकेमा शोध निर्देशकको सिफारिसमा अनुसन्धान समितिले दुई वर्षसम्म समय थप गर्न सक्नेछ । थप गरिएको समय दर्ता भएको मितिबाट सात वर्ष भित्र शोधप्रबन्ध पेश गर्न नसकेमा शोधार्थीको विद्यावारिधि दर्ता स्वतः रद्द हुनेछ ।

(११) विद्यावारिधि कार्यक्रममा शोधार्थीको योग्यता र आवश्यकताको मूल्याङ्कन गरी सम्बन्धित शैक्षिक संस्थाले तय गरेको न्यूनतम दुई सेमेष्टर वा सो सरह क्रेडिट आवरको पाठ्यकार्य हुनु पर्नेछ । जसमा अनिवार्य पाठ्यकार्यको रूपमा १२ क्रेडिट आवर सिद्धान्त (थ्यौरी) र अनुसन्धान विधि ( रिसर्च मेथेडोलोजी) तथा छ क्रेडिट आवर छनोट योग्य पाठ्यकार्यको रूपमा प्रस्तावित अनुसन्धानको लागि सान्दर्भिक हुने विषयगत पाठ्यक्रम हुनुपर्नेछ।

४. **जनशक्ति र संरचना सम्बन्धी व्यवस्थाः** (१) विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न त्यस्तो कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक शिक्षण संस्थासँग देहाय बमोजिमको शैक्षिक जनशक्ति र संरचना आवश्यक पर्नेछ ।

(क) उच्च शिक्षण संस्थाका सम्बन्धित विभाग, संकायमा कम्तिमा दुई प्राध्यापक, तीन सहप्राध्यापक वा पाँच उपप्राध्यापक पूर्णकालिन रुपमा कार्यरत रहेको हुनु पर्नेछ ।

(ख) प्राध्यापक र सहप्राध्यापकको कार्यानुभव कम्तिमा तीन वर्ष र उपप्राध्यापकको हकमा कार्यानुभव कम्तिमा पाँच वर्षको हुनु पर्नेछ ।

(ग) सेवा निवृत्त प्राध्यापक विद्यावारिधि कार्यक्रममा अध्यापक तथा प्रमुख र सह-सुपरिवेक्षक को रुपमा संलग्न हुने भएमा निजबाट काम गर्न प्रतिवद्ध रहेको पत्र बुझाउनु पर्नेछ । ।

(घ) विज्ञान तथा प्रविधिका विषयको हकमा आवश्यक उपकरण सहितको विशेष अनुसन्धान प्रयोगशालाहरु, कम्प्यूटर सुविधा र आवश्यक सफ्टवेयर सहित, पर्याप्त अनुसन्धान गर्ने ठाउँ, विजुली र पानीको नियमित आपूर्ति सहितको सुविधा हुनु पर्नेछ ।

(ङ) प्राज्ञिक आचारसंहिता (कोड अफ एकेडेमिक इन्टिग्रिटी) र अनुसन्धान अनाचार सम्बोधन निर्देशिका (प्रस्युडोयोर टु एडरेस एलिगेशन अफ रिसर्च मिस्कन्डक्ट) सहितका निर्दिष्ट निर्देशिका भएको हुनुपर्नेछ।

(च) अनुसन्धान निर्देशन, सुपरिवेक्षण, मुल्याङ्कन, गुणस्तर नियन्त्रण, आचारसंहिता र सुरक्षा जोखिम व्यवस्थापनको लागि तोकिएको जिम्मेवारी सहितको बहुसमितिय संरचना सहितको अनुसन्धान समिति हुनु पर्नेछ ।

(छ) विद्यावारिधि कार्यक्रम अन्तर्गतको अनुसन्धान परियोजनाको लागि आन्तरिक वा वाह्य श्रोतबाट जुट्ने पूर्ण वित्तीय सहयोगको व्यवस्था हुनु पर्नेछ ।

(ज) शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षाको प्रक्रियागत प्रावधान हुनु पर्नेछ । यस उपदफाको प्रयोजनको लागि सम्बन्धित शैक्षिक संस्थाले व्यवस्था गरेको वा विश्वविद्यालय अनुदान आयोगले तोकेको वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनैलाई पनि शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा सरह मान्न सकिनेछ ।

(झ) वार्षिक रूपमा विद्यावारिधि गर्न चाहनेहरुबाट आवेदनको लागि सार्वजनिक आह्वान गर्ने कार्य योजना एवं शोधार्थी भर्ना गरिने कोटा संख्या निर्धारित हुनु पर्नेछ ।

(२) राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परेका विषय तथा नेपालका कुनै विश्वविद्यालयमा अध्ययन अध्यापन नभएका विषयमा मान्यता प्राप्त बाहिरका विश्वविद्यालयसँगको सहकार्यमा विद्यावारिधि कार्यक्रम संचालन गर्ने हो भने सोही विषयको स्नातकोत्तर कार्यक्रम पाँच वर्षभित्र आफनो विश्वविद्यालयमा संचालनमा ल्याई सकेको हुनुपर्नेछ ।

(३) कुनै विश्वविद्यालयले नयाँ विद्यावारिधि कार्यक्रम संचालन गर्नुपूर्व आयोग लाई लिखित जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-३

## विद्यावारिधिको सुपरिवेक्षक, उम्मेदवारको योग्यता र शर्त

५. **विद्यावारिधि प्रमुख सुपरिवेक्षकको न्यूनतम योग्यता र शर्तः** (१) विद्यावारिधि प्रमुख सुपरिवेक्षकको लागि आवश्यक पर्ने न्यूनतम योग्यता र शर्त देहाय बमोजिम हुनेछः-

(क) विद्यावारिधि उपाधि प्राप्त ।

(ख) कम्तिमा उपप्राध्यापक वा सो सरहको पदमा विश्वविद्यालय तहमा पाँच वर्ष पूर्णकालिन कार्यानुभव भएको हुनु पर्नेछ।

आयोगको मिति २०८०।०२।०९ गतेको बैठकबाट स्वीकृत
निर्णय नं १५५७

(ग) सूचीकृत जर्नल वा आयोगबाट मान्यता प्राप्त जर्नलमा कम्तिमा पाँच वटा अनुसन्धानात्मक लेखहरु प्रकाशित गरेको हुनु पर्नेछ ।

तर वि.सं २०६८ भन्दा अगावै प्रकाशित लेखको हकमा व्यावसायिक परिषद्/समाजहरु तथा शैक्षिक प्रतिष्ठानबाट प्रकाशित भएका तथा तत्पश्चातका लेखको हकमा कम्तिमा जेपिपिएस स्टार अंकित जर्नल (जेपिपिएस स्टार रेटेड जर्नल) र ती भन्दा माथिको स्तरमा पर्ने समकक्ष समीक्षित (पियर रिभ्युड) जर्नलमा वा कम्तिमा क्षेत्रीय स्तरका वैज्ञानिक सम्मेलनका प्रोसिडिङ (प्रोसिडिङ) मा प्रमुख लेखक र करेस्पन्डिङ अथर भई विषयसँग सम्बन्धित कम्तिमा पाँच वटा अनुसन्धानात्मक लेखहरु प्रकाशन गरेको वा सूचिकृत जर्नल (र्याङ्क जर्नल) मा कम्तिमा दुई वटा अनुसन्धानात्मक लेखहरु प्रमुख लेखक र करेस्पन्डिङ अथर भई कम्तिमा तीन वटा लेखहरु प्रकाशन गरेको हुनु पर्नेछ ।

(घ) कार्यक्रम सञ्चालन हुने शिक्षण संस्थामा पूर्णकालीन रुपमा कार्यरत रहेको वा , उक्त शिक्षण संस्थाबाट प्राध्यापक भइ निवृत्त भएको वा विश्वविद्यालयबीच विज्ञ आदान प्रदान गर्ने सम्बन्धमा अन्तर विश्वविद्यालयीय सम्झौता भएको भए सोही बमोजिमको प्रमाण हुनुपर्नेछ ।

(ङ) एक पटकमा विद्यावारिधि प्रमुख सुपरिवेक्षकले सुपरिवेक्षण गर्ने विद्यावारिधि तहको शोधार्थीको हरुको संख्या सीमा निर्धारण गरी सोको जानकारी आयोगमा दिनुपर्ने छ ।

(च) एक पटकमा प्राध्यापकले पाँच जना, सहप्राध्यापकले चार जना र उपप्राध्यापकले तीन जनासम्म मात्र शोधार्थीको सुपरिवेक्षण गर्न सकिनेछ ।

(२) **विद्यावारिधि सह-सुपरिवेक्षकको न्यूनतम योग्यता र शर्तः** विद्यावारिधि सहसुपरिवेक्षकको न्यूनतम योग्यता र शर्त देहाय बमोजिम हुनेछः

(क) विद्यावारिधि उपाधि प्राप्त।

(ख) कम्तिमा उपप्राध्यापक वा सो सरह (बैज्ञानिक, विश्लेषक, सिनियर ल्याब अधिकृत आदि) को पदमा तीन वर्ष पूर्णकालिन कार्यानुभव भएको हुनु पर्नेछ ।

(ग) सूचीकृत जर्नल वा आयोगबाट मान्यता प्राप्त जर्नलमा कम्तिमा दुई वटा अनुसन्धानात्मक लेख प्रमुख लेखक भई प्रकाशित गरेको हुनु पर्नेछ ।

(घ) एक पटकमा प्राध्यापकले पाँच जना, सहप्राध्यापकले चार जना र उपप्राध्यापकले तीन जनासम्म मात्र शोधार्थीको सह-सुपरिवेक्षण गर्न सकिनेछ ।

**(३) विद्यावारिधि उपाधिको लागि उम्मेदवार हुने विद्यार्थीको न्यूनतम योग्यताः** विद्यावारिधि उपाधिको लागि उम्मेदवार हुने विद्यार्थीको न्यूनतम योग्यता देहाय बमोजिम भएको हुनु पर्नेछः

(क) सम्बन्धित विषयमा न्यूनतम ५५ प्रतिशत प्राप्तांक सहित कम्तिमा द्वितीय श्रेणी वा ३.०-४.० सिजिपिए वा सो सरह ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी उच्च शिक्षा योग्यता प्रारुप (हाइयर एडुकेशन क्वालिफिकेशन फ्रेमवर्क) ले निर्धारण गरेको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(ख) अन्तरविधागत (इन्टरडिसिप्रिलिनरी) अध्ययनका सन्दर्भमा उम्मेदवारले विश्वविद्यालयले तय गरेको तीस क्रेडिट आवरको कन्भर्सन (कन्भर्सन) विषय अध्ययन गरेको र यो विषय विद्यावारिधि अध्ययन तथा अनुसन्धान गर्दै गर्दा अनिवार्य रुपमा पुरा गरेको हुनु पर्नेछ ।

(ग) आयोगबाट मान्यता प्राप्त समकक्ष समीक्षित (पियर रिभ्युड) जर्नलमा सम्बन्धित क्षेत्रमा कम्तिमा एउटा अनुसन्धानात्मक लेख प्रकाशित गरेको वा प्रथम श्रेणी वा सो सरहको ग्रेड ल्याई स्नातकोत्तर तह उत्तिर्ण गरेको तीन वर्ष ननाघेको हुनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विषयमा कुनै अनुसन्धानात्मक संस्थामा अनुसन्धान गरिरहेको वा उच्च शिक्षण संस्थामा अध्यापन वा प्राध्यापन वा सम्बन्धित पेशामा संलग्न पूर्णकालीन सेवामा रहेकाका हकमा देहायको योग्यता पुरा भएको अवस्थामा त्यस्तो शोधार्थिलाई विद्यावारिधि उपाधिको लागि अध्ययन गर्न मौका दिन सकिनेछ ।

(क) सम्बन्धित विषयमा न्यूनतम ५५ प्रतिशत प्राप्तांक सहित द्वितिय श्रेणीको प्राप्तांक वा ३.०-४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरेकाहरुको हकमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ ।

(ख) प्रथम श्रेणीको प्राप्तांक वा ३.३-४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरेकाहरुका हकमा कम्तिमा एक वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ ।

(ग) विशिष्ट श्रेणीको प्राप्तांक वा ३.७-४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर वा एम.फिल. उपाधि प्राप्त गरेकाको हकमा कार्य अनुभव अनिवार्य हुने छैन ।

(५) विद्यावारिधि शोधार्थीहरुले भर्नाको लागि कार्यरत सम्बन्धित संस्थाबाट अनुसन्धान कार्यको लागि पर्याप्त समय दिईने उल्लेख सहितको पूर्व स्वीकृत अध्ययन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

(६) सम्बन्धित उच्च शिक्षा प्रदायक शिक्षण संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा वा आयोगले तोकेको राष्ट्रिय योग्यता परीक्षण वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनै एकमा सम्बन्धित विश्वविद्यालयले तोकेको प्राप्ताङ्क सहितको प्रमाणपत्रको प्रतिलिपि ।

(७) यस निर्देशिका बमोजिम विद्यावारिधि उपाधिको लागि आंशिक वा पूर्णकालीन विद्यार्थीको लागि भर्नाको योग्यता, शर्त र मूल्यांकन विधि समान हुनेछन् ।

## परिच्छेद-४

## विद्यावारिधि उपाधिको प्रक्रिया र शर्त

६. **विद्यावारिधि कार्यक्रमको लागि भर्ना प्रक्रिया**: (१) विद्यावारिधि कार्यक्रमको लागि भर्ना प्रक्रिया देहाय बमोजिम हुनेछ:

(क) शिक्षण संस्थाले यस निर्देशिकाको दफा ५ को उपदफा (१) र (२) को पालना गरी उपलब्ध हुन सक्ने संख्यामा आवेदनको लागि वार्षिकरूपमा सार्वजनिक आह्वान गर्नु पर्नेछ ।

(ख) प्रवेश परीक्षा सञ्चालन गरी वा मान्यता प्राप्त वैकल्पिक परीक्षणको प्रतिवेदन र प्राप्तांकको आधारमा प्रवेश योग्यता निर्धारण गर्नु पर्नेछ ।

(ग) प्रस्तावित प्रमुखसुपरिवेक्षक सहितको उम्मेदवार छनोट समितिद्वारा अन्तर्वार्ता लिई योग्यता प्रणालीका आधारमा सफल उम्मेदवारलाई विधिवत भर्ना गर्नु पर्नेछ ।

७. **विद्यावारिधि उपाधिको लागि प्रक्रिया र शर्त**: विद्यावारिधि उपाधिको लागि प्रक्रिया र शर्तहरू देहाय बमोजिम हुनेछ:

(क) प्रमुखसुपरिवेक्षकको सहमतिमा उम्मेदवारले प्रारम्भिक अनुसन्धान प्रस्ताव अनुसन्धान समिति वा शैक्षिक संस्थाले तोकेको निकायमा पेश गर्नु पर्नेछ ।

(ख) विद्यावारिधि कार्यक्रमको उम्मेदवारलाई कार्यक्रम अवधिभर पाठ्यकार्य (कोर्ष वर्क), अनुसन्धान, प्रकाशन र शोधप्रबन्ध परिमार्जनको लागि आवश्यक निर्देशन दिन शैक्षिक संस्थाले प्रमुखसुपरिवेक्षकको संयोजकत्व र छनोटमा सहसुपरिवेक्षक र अनुसन्धान प्रस्तावको विषयसँग सम्बन्धित विज्ञ सहितको कम्तिमा तीन सदस्यीय एक शोध निर्देशन समितिको गठन गर्नु पर्नेछ ।

(ग) विद्यावारिधि कार्यक्रमको लागि शोध निर्देशन समितिको सुझावमा अनुसन्धानको लागि सान्दर्भिक हुने पाठ्यकार्य (कोर्ष वर्क) को छनोट गरिनेछ ।

(घ) माथि उल्लेखित पाठ्यकार्य (कोर्ष वर्क) जुनसुकै मान्यता प्राप्त शैक्षिक संस्थाबाट पनि लिन सकिनेछ र त्यसको क्रेडिट ट्रान्सफर हुन सक्नेछ ।

(ङ) छनोट गरिएको पाठ्यकार्य (कोर्ष वर्क) विद्यावारिधि कार्यक्रमको अवधिभर जुनसुकै समयमा पनि पूरा गर्न सकिनेछ ।

(च) विद्यावारिधि उपाधिको लागि पूर्ण अनुसन्धान प्रस्ताव तोकेको निकायमा पेश गरी स्वीकृत गराई सक्नु पर्नेछ।

(छ) विद्यावारिधि कार्यक्रमको उम्मेदवारले प्रगतिको वार्षिक प्रतिवेदन शोध निर्देशन समितिमा बुझाई समितिको राय र सुझाव अनुसार काम गर्नु पर्नेछ ।

(ज) अनुसन्धान कार्य पुरा गरी मुल्यांकनको लागि शोधग्रन्थ बुझाउनु अघि विद्यावारिधि उपाधिको लागि शोधकार्यबाट कम्तिमा प्रथम लेखक भई एउटा अनुसन्धानात्मक लेख सूचीकृत जर्नल वा आयोगबाट मान्यता प्राप्त जर्नलमा प्रकाशित भएको वा प्रकाशनको लागि स्वीकृत भएको हुनुपर्नेछ ।

तर यसरी प्रकाशित अनुसन्धानात्मक लेख हिंस्रक जर्नल (प्रिडेटरी जर्नल) र (हिंस्रक प्रकाशक) प्रिडेटरी प्रकाशक को लिस्टमा परेका जर्नलमा प्रकाशन भएमा मान्य हुने छैन ।

८. **विद्यावारिधि शोधप्रबन्धको अन्तिम मुल्याङ्कन र उपाधिको घोषणा सम्बन्धी व्यवस्थाः** विद्यावारिधि शोधप्रबन्धको अन्तिम मुल्यांङ्कन र उपाधिको घोषणा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) उम्मेदवारद्वारा निर्धारित समय सीमाभित्र पेश गरिएको शोधग्रन्थ शैक्षिक संस्थाले संभव भए सम्म एक जना अनुसन्धान क्षेत्रको बिदेशी विज्ञसहित सम्वन्धित विषयका कम्तिमा तीन जना विज्ञ रहने गरी मुल्याङ्कन समिति गठन गर्नेछ र सो समितिले पेश भएको शोधग्रन्थको अन्तिम मुल्याङ्कन गर्नेछ ।

(ख) बिदेशी विज्ञ विद्यावारिधि उपाधि प्राप्त प्राध्यापक भइ उच्च शिक्षाको अनुसन्धान क्षेत्रमा सूचिकृत तथा मान्यता प्राप्त जर्नलमा कम्तिमा तीनवटा अनुसन्धानमूलक लेख प्रकाशित भएको हुनु पर्नेछ ।

(ग) शोधकर्ताको मौखिक परीक्षामा शोधपत्र मूल्याङ्कनकर्ता मध्ये कम्तिमा एक जना विदेशी वा वाह्य विषय विज्ञ (सम्बन्धित विश्वविद्यालयको सेवामा नरहेको) मुल्याङ्कनकर्ता हुनु पर्नेछ ।

(घ) शोधप्रबन्धलाई सम्बन्धित विश्वविद्यालयले अन्तिम स्वीकृति दिनुपूर्व सो शोधप्रबन्धले विश्वविद्यालय वा आयोगले व्यवस्था गरे बमोजिम बौद्धिक चोरी परीक्षण (प्लाजियारिम टेष्ट) (<२०% सम्म समानता सूचांक) उत्तिर्ण गरेको हुनु पर्नेछ ।

(ङ) शोधप्रबन्धको कार्यकारी साराशं (एक्जुक्यूटिभ समरी / एब्सट्याक्ट) खण्ड अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनु पर्नेछ । उक्त कार्यकारी साराशं संस्थाको वेव पृष्ठ (वेभपेज) मा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(च) सम्बन्धित संस्थाले शोधार्थीले पेश गरेको शोधग्रन्थको अन्तिम प्रस्तुतीकरण, विशेष परिस्थितिमा बाहेक बढिमा छ महिनाभित्र गर्नु पर्नेछ ।

(छ) सम्बन्धित उच्च शैक्षिक संस्थाले उपाधिको निर्णय गर्नेछ ।

(ज) उपाधि प्राप्त विद्यार्थीले शोधप्रबन्धको एकप्रति बिद्युतिय प्रति (सफ्ट कपि) आयोगमा अनिवार्य पेश गर्नुपर्नेछ ।

९. **बौद्धिक चोरी परीक्षण सम्बन्धी व्यवस्था:** बौद्धिक चोरी परीक्षण सम्बन्धी व्यवस्था गर्दा प्रयोगकर्ताले निम्न प्रक्रिया अनुसार गर्नु पर्नेछ:

(क) Similarity index <20%

(ख) Small matches up to 10 words

(ग) Exclude references and quotes

(घ) Exclude small matches (less than 1%)

(ङ) Exclude phrases

(च) Exclude abstract

(छ) Include materials and methods

(ज) Limit searches to Crossref, Crossref Posted Content, Internet, ProQuest, Publications

## परिच्छेद–५

## विविध

१०. **संयुक्त विद्यावारिधि कार्यक्रम (स्याणडविच एण्ड ज्वाइन्ट पिएचडी पोग्राम) सम्बन्धी व्यवस्था:** शैक्षिक संस्थाले आफ्नो आवश्यकताको आधारमा कुनै विदेशी विश्वविद्यालयको विद्यावारिधि कार्यक्रमसँग जोडिएर अन्तर्विश्वविद्यालय संयुक्त विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न सक्नेछ । यस्तो योजना अन्तर्गत सञ्चालन भएको कार्यक्रमको लागि न्यूनतम शर्त र प्रक्रिया यस्ता दुबै विश्वविद्यालयमा गरी यस निर्देशिकामा तोकिए भन्दा कम हुनु हुँदैन ।

११. **अन्य समकक्षी उपाधि सम्बन्धी व्यवस्थाः** अनुसन्धानमा आधारित विद्यावारिधि (पिएचडी) वा डक्टर अफ साइन्स (डि.एससी.- डक्टर अफ साइन्स), डक्टर अफ मेडिसिन (डि.एम.-डक्टर अफ मेडिसिन), डक्टर अफ इन्जिनियरिङ (डि. इएनजी.- डक्टर अफ इन्जिनियरिङ), डक्टर अफ म्यानेजमेन्ट (डि.एम.- डक्टर अफ मेनेजमेन्ट),एमसिएच (माजिष्टर चिरुगेई) आदि प्राज्ञिक उपाधिका मापदण्ड र समकक्षतासँग सम्बन्धी व्यवस्था सम्बन्धित उच्च शैक्षिक संस्था र आयोगले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

१२. **विवरणको सार्वजनिकीकरणः** प्रत्येक वर्ष विद्यावारिधि संचालन गर्ने विश्वविद्यालयले सो कार्यक्रममा भर्ना भएको शोधार्थीको नाम, प्रमुख सुपरिवेक्षक, सह सुपरिवेक्षक, र विज्ञ (शोध निर्देशन समिति) को नाम र सम्बन्धित विषयको जानकारी आयोगलाई दिनुपर्नेछ र आफ्नो वेव साईट (वेभपेज) मा राख्नुपर्नेछ ।

१३. **निर्देशिकाको व्याख्याः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा वा अस्पष्टता उत्पन्न भएमा आयोगले आवश्यक व्याख्या गर्नेछ र उक्त व्याख्या अन्तिम हुनेछ ।

१४. **निर्देशिका संशोधनः** यस निर्देशिकाको संशोधन आयोगले गर्न सक्नेछ ।

१५. **अन्य व्यवस्था र प्रक्रियाः** (१) विद्यावारिधि कार्यक्रम तथा उपाधिसँग सम्बद्ध अन्य व्यवस्था र प्रक्रिया आयोगले समय समयमा सम्बन्धित उच्च शिक्षण संस्थाहरूसँग समन्वय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रहि विद्यावारिधि उपाधि सम्बन्धी अन्य व्यवस्था उच्च शिक्षा प्रदान गर्ने सम्बन्धित शिक्षण संस्थाले व्यवस्था गरी निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **आवश्यक प्रवन्ध गर्नु पर्ने** : यस निर्देशिका अनुकुल हुने गरी विश्वविद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले विद्यावारिधिका सम्बन्धमा आफ्नो अनुसन्धान निर्देशिका तर्जुमा वा परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१७. **खारेजी र बचाउँ** :(१) विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०७३ खारेज गरिएको छ ।

(२) विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०७३ बमोजिम भए गरेका कार्य यसै निर्देशिका बमोजिम भए गरिएको मानिनेछ ।